Regd. No.: 104817

# मोदी ईनर्जी लिमिटेड

(साबिक मोदी ईनर्जी प्रा. लि.)

तल्लो मोदी खोला जलविद्युत आयोजना (२० मे वा)

# Modi Energy Limited

(Former Modi Energy Pvt. Ltd.)

Lower Modi Khola Hydroelectric Project (20 MW)

MODI ENERGY

च. नं. ३४/०८२./०८३

मिति: २०८२/०९/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल

बिषयः भुल सुधार सम्बन्धमा ।

महाशय,

उपरोक्त सम्बन्धमा मिति २०८२/०९/०७ गतेको नेपाल समाचार पत्र, राष्ट्रिय दैनिकमा मोदी इनर्जी लिमिटेडको वार्षिक साधारण सभा सम्बन्धी सूचनामा "वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८२/९/१४ गते यस कम्पनीको शेयर दाखिल खारेज बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/१३ गतेसम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा मतदान गर्न योग्य हुनेछन् ।" हुनुपर्नेमा अन्यथा हुन गएकोले उपरोक्त अनुसार हुने गरी भुल सुधार गरिएको बारे मिति २०८२/०९/०८ गतेको नेपाल समाचार पत्र, राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको व्यहोरा समेत जानकारी गराउँदछौं ।

भवदीय

Modi Energy Ltd. 1996 Kathmandu

कमल बाबु पन्त
कम्पनी सचिव

बोधार्थ,
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरीङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौं ।

# फुटसलमा ब्लु बर्ड कलेज च्याम्पियन

काठमाडौं, (नेस) । जेम्स विद्यालयको खेलकुद तथा अतिरिक्त क्रियाकलाप विभागको आयोजनामा सञ्चालन भइरहेको तेस्रो थन्डर बोल्ट्स कप २०२५ अन्तर्गत यू-१८ फुटसल छात्रतर्फको उपाधि ब्लु बर्ड कलेजले जितेको छ।

सोमबार भएको फाइनलमा ब्लु बर्डले रिब्सलाई ५-१ को फराकिलो अन्तरले पराजित गर्दै उपाधि जितेको हो। एआईटीएमले तेस्रो स्थानका लागि भएको खेलमा जेम्स स्कुललाई ५-१ ले पराजित गरेको थियो। व्यक्तिगत विधातर्फ जेम्सका स्वयम् श्रेष्ठ सर्वाधिक गोलकर्ता बने। ब्लु बर्डका निशान विष्ट गोलरक्षकमा र सुजन तामाङ खेलाडीमा उत्कृष्ट घोषित भए।

बास्केटबलको यू-१६ छात्रतर्फको सेमिफाइनलमा रातो बंगला स्कुलले मातृभूमि स्कुललाई ४८-२५ ले हराउदा आयोजक जेम्सले एमआरआई स्कुलमाथि जित दर्ता गर्‍यो। त्यस्तै, छात्रातर्फ गोल्डेनगेट इन्टरनेसनल कलेजले ब्लु वर्डलाई ३१-२७ ले तथा जेम्सले जेभियर इन्टरनेसनल कलेजलाई ४०-१४ को फराकिलो अन्तरले पराजित गरेका थिए।


## माउन्टेन हाइड्रो नेपाल लि.

काठमाण्डौ -१३, ताहाचल
फोन नं. ०१-५९०३४४२, E-mail : mountainhydronepal@gmail.com

### दशौं वार्षिक साधारण सभा सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०९।०७

आदरणीय शेयरधनी महानुभावहरु,
माउन्टेन हाइड्रो नेपाल लि.को मिति २०८२/०९/०६ मा बसेको संचालक समितिको निर्णय अनुसार कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका बिषयहरु माथि छलफल र निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**बाार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**

मिति : २०८२/०९/२९ गते मगंलबार ।
स्थान : कालिमाटि व्याङ्क्वेट, (कालिमाटी सीता पेट्रोल पम्प सँगै)
समय : ११:०० वजे ।

**छलफलका तथा निर्णयका लागि निर्धारित विषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**
१) अध्यक्षज्युबाट आ.व.२०८१।८२ को कम्पनीको बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो माथि छलफल तथा स्वीकृत गर्ने ।
२) लेखा परिक्षकको प्रतिवेदन सहीतको आ.व.२०८१।८२ को वार्षिक आर्थिक विवरण (वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायतका वित्तिय विवरणहरु) माथि छलफल र स्वीकृत गर्ने ।
३) कम्पनीको आ.व. २०८२।८३ को लागि लेखापरिक्षक नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने ।
४) सञ्चालक नियुक्ती अनुमोदन गर्ने ।

**ख) विषेश प्रस्तावहरुः**
१) कम्पनी ऐन २०६३ को दफा १०५ बमोजिम चुक्ता पुँजीको अतिरिक्त ऋण रकम अनुमोदन गर्ने सम्बन्धमा ।
२) कम्पनी ऐन २०६३ को दफा ६० बमोजिम कम्पनीको खुद सम्पत्ति चुक्ता पुँजीको आधा वा सो भन्दा कम हुन आएकोले आवश्यक रणनिति अनुमोदन गर्ने सम्बन्धमा ।
३) सबै संस्थापक शेयरहरुलाई सर्वसाधारण शेयरमा परिणत भएको कुरा अनुमोदन गर्ने सम्बन्धमा ।

**ग) विविध**

**बार्षिक साधारण सभा सम्बन्धि जानकारीहरु :**

१) दशौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१८ गते (१) एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गर्ने निर्णय गरिएको छ । मिति २०८२/०९/१७ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस कम्पनीको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा रहेका शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन सक्नेछन् ।
२) वार्षिक सभामा भाग लिन आउनुहुने शेयरधनीहरु महानुभावहरुले आफ्नो हितग्राही खाता नं. (BOID) को विवरण सहित आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) साथमा लिई आउनु हुन अनुरोध छ ।
३) दशौं वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले कम्पनी ऐनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिकामा रहेको प्रतिनिधी पत्र (प्रोक्सी) फारम अनुसार सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि नियुक्त गरी कम्पनीको कार्यालयमा पेश गर्नु पर्नेछ । तर प्रतिनिधी नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी गरेमा प्रतिनिधी पत्र स्वतः बदर हुनेछ ।
४) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभाको दिन सभा सुरु हुनु भन्दा अगावै सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्न अनुरोध छ । हाजिरी पुस्तिका १०:३० देखि १२:०० बजे सम्म खुल्ला रहनेछ ।
५) एक भन्दा वढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्बसम्मतबाट प्रतिनिधी चयन गरिएको १ जनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।
६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरुमध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्वन्धि कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा वहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।
७) कुनै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) लाई मुकरर गरेमा यस कार्यालयमा पहिलो दर्ता भएको प्रतिनिधि(प्रोक्सी)लाई मान्यता दिइनेछ ।
८. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक भएमा यस कम्पनीको केन्द्रीय कार्यालय ताहचल, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन वा वेबसाईट www.mhnl.com.np मा हेर्नहुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## अप्पर सोलु हाईड्रो ईलेक्ट्रीक कम्पनी लिमिटेड

USHEC
हात्तिसार, काठमाण्डौ, फोन नं: ४५२६९४१/४२

### दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८२ पौष ०८ गते)

यस कम्पनीको मिति २०८२।०८।२६ मा बसेको कम्पनीको सञ्चालक समितिको निर्णयानुसार दशौं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न प्रस्ताव उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८२ साल पौष २८ गते
समय : बिहानको १०:०० बजे ।
स्थान : लिसारा रिसेप्सन, भगवतीबहाल, नक्साल (कृषि बिकास बैंकसँगै)

**सभामा छलफल हुने विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८१/०८२ वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आर्थिक वर्ष २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण गर्न कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विविध**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी :**
१. दशौ वार्षिक साधारण सभा प्रयोजनको लागि यस कम्पनीको शेयर दाखिला खारेजी मिति २०८२/०९/०९ गते बन्द रहनेछ। शेयर दाखिला खारेजी बन्द हुने अघिल्लो कारोवार दिन अर्थात् मिति २०८२/०९/०८ गतेसम्म नेपाल स्टक एक्सचेञ्जमा कारोबार भई प्रचलित कानून बमोजिम तोकिएको समयावधि भित्र यस कम्पनीको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड बालुवाटार, काठमाडौंमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा मतदान गर्न योग्य हुनु हुनेछ ।
२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले कम्पनीले उपलब्ध गराएको कागजात वा हितग्राहीखाताको प्रमाण तथा आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र अनिवार्य साथमा लिई आउनु हुन अनुरोध छ ।
३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ९:०० बजे देखि खुल्ला रहनेछ ।
४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेख) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन् । संयुक्त रुपमा शेयर लिएको शेयरधनीको हकमा सर्वसम्मत एक व्यक्ति मात्र सभामा भाग लिन पाउने छ । सर्वसम्मत प्रतिनिधि तोक्न नसकेको खण्डमा शेयरधनीको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले दिएको मत वा प्रतिनिधी पत्र मात्र सदर हुनेछ ।
५. सभामा भाग लिन स्वयं उपस्थित हुन नसक्ने भई प्रोक्सी मार्फत प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, हात्तिसार, काठमाण्डौंमा प्रोक्सी दर्ता गरी सक्नु पर्नेछ । प्रतिनिधी (प्रोक्सी) नियुक्त गरीसक्नु भएको शेयरधनी स्वयम् सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा उक्त प्रोक्सी स्वतःवदर हुनेछ ।
६. नाबालक वा अशक्त शेयरधनीको प्रतिनिधीको हकमा कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र प्रतिनिधी तोक्न सक्नेछ ।
७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरधनीको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
८. प्रतिनिधी नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखतसँग मिल्नु पर्नेछ ।
९. कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सूचना, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक विवरणहरु कम्पनीको वेवसाईट https://ushec.com.np मा राखिने छ । कसैले हेर्न नसक्नु भएमा यस कम्पनीको रजिष्टर्ड कार्यालय हात्तिसार, काठमाण्डौं वा यस कम्पनीको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौंबाट उपलब्ध हुने व्यहोरा समेत अनुरोध गरिन्छ । शेयरधनीले आफ्नो प्रमाण प्रस्तुत गरी सो प्रतिवेदन लिनु हुनेछ ।
१० शेयरधनीहरूबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।
११. कुनै शेयरधनी महानुभावहरुलाई कम्पनी सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा शुरु हुनु भन्दा कम्तीमा ७ दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय हात्तिसार, काठमाण्डौंमा पठाउनु हुन अनुरोध गर्दछौं । कानुनतः अन्यथा भनिएकोमा बाहेक यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
१२. अन्य विस्तृत जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय हात्तिसार, काठमाण्डौंमा कार्यालय समय भित्र फोन नं. ४५२६९४१/४२ मा सर्म्पक राख्न सक्नु हुनेछ ।
१३. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।



## मोदी इनर्जी लिमिटेड

डिल्लीबजार, काठमाडौं

### भुल सुधार

**आदरणीय शेयरधनी महानुभावहरु,**
मिति २०८२/०९/०७ गतेको नेपाल समाचार पत्र, राष्ट्रिय दैनिकमा मोदी इनर्जी लिमिटेडको वार्षिक साधारण सभा सम्बन्धी सूचनामा "वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८२/९/१४ गते यस कम्पनीको शेयर दाखिल खारेज बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/१३ गतेसम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा मतदान गर्न योग्य हुनेछन् ।" हुनुपर्नेमा अन्यथा हुन गएकोले उपरोक्त अनुसार हुने गरी भुल सुधार गरिएको छ ।


## भावपूर्ण श्रद्धाञ्जली



जन्म
२०२७/०९/२४

स्वर्गारोहण
२०८२/८/२५

**स्व. बैजहरि भट्टराई**

यस पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि. का कर्जा उप-समितिका संयोजक **बैजहरि भट्टराई**को मिति २०८२ मंसिर २५ गते भएको दु:खद निधनले हामी स्तब्ध भएका छौं । यस दु:खद घडीमा दिवंगत आत्मा प्रति १३ औं दिनको पुण्यतिथिमा **भावपूर्ण श्रद्धाञ्जली** व्यक्त गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना तथा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दछौं ।

**देवेन्द्र प्रसाद श्रेष्ठ**
**अध्यक्ष**

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.
PANCHASHIL MULTIPURPOSE CO-OPERATIVE LTD.
मुख्य कार्यालयः ल.पु.म.न.पा. वडा नं.-१९, कुमारीपाटी
फोन नं.: ०१-५४०८५८५, ५४०८५८६, ५४३२७१८


## प्रिमियर डिस्टिलरी लिमिटेड

### वार्षिक साधारण सभाको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०८ गते**

**श्री शेयरधनी महानुभाव ज्यूहरु,**
मिति २०८२।०९।०७ मा बसेको यस कम्पनिको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनिको तेस्रो वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रेषित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समयः**
मितीः २०८२ साल पौष २९ गते मंगलबार (जनवरी १३, २०२६)
स्थानः SG Tower, थापाथली ११, काठमाडौं
समयः दिउसो ३:०० बजे ।

**छलफलका विषयहरु**

**(क) साधारण प्रस्तावहरुः**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आ.व. ०८१।८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि उक्त प्रतिवेदन पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. ०८१।८२ को वासलात, नाफा नोक्सान, हिसाब र नगद प्रवाह विवरण माथि छलफल गरि पारित गर्ने ।
३. आगामि आ.व. ०८२।०८३ को लागि लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले आ.व. ०८१।८२ मा गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
५. सभाको माइन्युट प्रमाणीत गर्न प्रतिनिधी चयन गर्ने ।
६. विविध ।

**तेस्रो वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी**
(क) वार्षिक साधारण सभाको सूचना तथा संक्षिप्त प्रतिवेदन प्रत्येक शेयरधनीको उपलब्ध ठेगानामा हुलाक/कुरिएर/ईमेल/मेसेन्जर मार्फत् पठाईने छ। वार्षिक साधारण सभा सम्बन्धी कुनै जानकारी आवश्यक भएमा कम्पनीको कार्यालय, थापाथली ११, काठमाडौं अथवा कम्पनीको सम्पर्क कार्यालय, थापाथली ११, काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
(ख) साधारण सभामा उपस्थित हुँदा प्रवेशपत्र वा शेयर प्रमाणपत्र लिई उपस्थित हुन अनुरोध गरिन्छ ।
(ग) शेयरधनी पुस्तिका बिहान २:३० बजे देखि खुल्ला गरिनेछ ।
(घ) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले प्रतिनिधि पत्र (प्रोक्सी) सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको सम्पर्क कार्यालय, सम्पर्क कार्यालय, थापाथली ११, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

**संचालक समितिका आज्ञाले,**
**कम्पनि सचिव**



## ईङवा हाइड्रोपावर लिमिटेड
## INGWA HYDROPOWER LIMITED

रजिष्टर्ड कार्यालयः काठमाडौं महानगरपालिका वडा नं ११, थापाथली। फोनःनं. ०१ ५१११०९३
इमेलः ingwahydropowerlimited@gmail.com | वेवसाइटः www.ingwahydropowerltd.com.np

### सोह्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८२/०९/०८)

ईङवा हाईड्रोपावर लिमिटेडको मिति २०८२/०८/२२ गते अपरान्ह ३.३० बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको १६औं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहाय बमोजिमका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१६औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समयः**
मिति : २०८२ साल पौष १६ गते बुधवार (Wednesday, 31st December, 2025)
स्थान : होटल क्रिष्टल पशुपति, गौशाला, काठमाडौं ।
समय : बिहान ११.०० बजे देखि

**१६औं वार्षिक साधारण सभाका छलफलका बिषयहरुः**

**क) सामान्य प्रस्तावः**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू द्धारा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रगति विवरण छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान/हिसाव र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावः**
१. कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा आवश्यक कार्य गर्न र कम्पनीको प्रबन्धपत्र, नियमावली संसोधन गर्न आवश्यक परेमा संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

**१६औं वार्षिक साधारण सभा हुने सम्बन्धी जानकारीहरु**

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको प्रमाण पत्र तथा हितग्राही खातामा रहेको यस कम्पनीको शेयर विवरण वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ ।
२) शेयरधनीहरुको दरखास्तको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १०:३० बजेबाट खुल्ला गरिनेछ ।
३) १६औं वार्षिक साधारणसभाको प्रयोजनका लागि मिति २०८२ साल पौष ८ गते एक दिनका लागि शेयरको दर्ता किताब बन्द रहनेछ । मिति २०८२ साल पौष ८ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई लगत कायम शेयरधनीहरु मात्र यस आ.व. २०८१/०८२ को यस साधारण सभामा भाग लिन योग्य हुनेछन् ।
४) साधारणसभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतःबदर हुनेछ ।
५) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लागत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनी शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।
६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।
७) साधारण सभा सम्बन्धि अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ट्रेड टावर, थापाथली, काठमाण्डौंमा सम्पर्क राखी लिन सकिने छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.ingwahydropowerltd.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) को

### ४४औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

(दोश्रो पटक प्रकाशित मितिः २०८२/०९/०८)

श्री शेयरधनी महानुभावहरु,
नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)को सञ्चालक समितिको मिति २०८२/०९/०४ गते बसेको ११४७औं बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल गर्न निम्न मिति, समय तथा स्थानमा ४४औं वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभाको मिति, समय तथा स्थान :**
मिति : २०८२/०९/२९ गते, मंगलबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, यु.एन.आई. शान्तिमार्ग, काठमाडौं ।

**छलफलका विषयहरू**

**(क) सामान्य प्रस्ताव**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले ४४औं वार्षिक साधारण सभामा प्रस्तुत प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरण, नाफा नोक्सान तथा अन्य आयको विवरण, इक्विटिमा भएको परिवर्तन सम्बन्धी विवरण, नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूची उपर छलफल गरी पारित गर्ने ।
३. आर्थिक वर्ष २०८२/८३ को लागि महालेखा परीक्षकको कार्यालयबाट परामर्श प्राप्त हुने लेखापरीक्षकलाई यस लि.को लेखापरीक्षकमा नियुक्ति गर्ने तथा निजको पारिश्रमिक र सेवा, शर्त तोक्ने ।
४. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेप्सेको चुक्ता पुँजी रु. एक अर्बको ८५ प्रतिशतका दरले हुन आउने रकम रु.८५,००,००,०००/-(पचासी करोड रुपैयाँ) नगद लाभांश (नियमानुसार लाग्ने कर सहित) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
५. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**
**नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)**
**यू.एन.आई. शान्तिमार्ग, काठमाडौं ।**
**सम्पर्क फोन नं.: ५३५०७५५-५९,५३५०७३४-३५**

**४४औं वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारी**
१. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले आ-आफ्नो प्रवेश पत्रका साथै सम्बन्धित कम्पनीको पत्र र आफ्नो परिचय खुल्ने (नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ । अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । शान्ति सुरक्षालाई दृष्टिगत गरी उपस्थित हुनुहुने महानुभावहरुले आफ्नो साथमा झोला र अन्य त्यस्ता वस्तुहरु नलिई आउनुहुन अनुरोध गरिन्छ । नेप्सेको वार्षिक साधारण सभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, आर्थिक विवरण सम्पूर्ण शेयरधनी महानुभावहरुलाई तोकिए बमोजिम उपलब्ध हुने व्यवस्था गरिएको छ ।
२. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै नेप्सेको केन्द्रीय कार्यालय यु.एन.आई शान्तिमार्ग, काठमाडौमा दर्ता गराई सक्नु पर्नेछ ।
३. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रोक्सी स्वतः बदर हुनेछ । प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी यो प्रतिनिधिपत्रलाई (प्रोक्सी) मान्यता दिइयोस भनी छुट्टै पत्र समेत लेखी पठाएमा अरु सबै प्रतिनिधिपत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ आएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । सोको लिखित सूचना सोही अवधिभित्र नेप्सेको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । सो नगरी एक शेयरधनीले एक भन्दा बढी प्रोक्सी नियुक्त गरी त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै नेप्सेमा प्राप्त भएतापनि सबै बदर हुनेछ ।
४. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी विहान १०:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।
५. अन्य जानकारीको लागि नेप्सेको केन्द्रीय कार्यालय, यु.एन.आई शान्तिमार्ग, काठमाडौमा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।



## एशियन विस्कुट एण्ड कन्फेक्सनरी लिमिटेड

मोरङ, विराटनगर

### वार्षिक साधारण सभाको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०८ गते**

**श्री शेयरधनी महानुभाव ज्यूहरु,**
मिति २०८२।०९।०७ मा बसेको यस कम्पनिको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनिको प्रथम वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रेषित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समयः**
मितीः २०८२ साल पौष २९ गते मंगलबार (जनवरी १३, २०२६)
स्थानः Hotel Birat, बिराटनगर महानगरपालिका, वडा नं ९, मोरङ
समयः दिउसो ३:०० बजे ।

**छलफलका विषयहरु**

**(क) साधारण प्रस्तावहरुः**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आ.व. ०८१।८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि उक्त प्रतिवेदन पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. ०८१।८२ को वासलात, नाफा नोक्सान, हिसाब र नगद प्रवाह विवरण माथि छलफल गरि पारित गर्ने ।
३. आगामि आ.व. ०८२।०८३ को लागि लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले आ.व. ०८१।८२ मा गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
५. सभाको माइन्युट प्रमाणीत गर्न प्रतिनिधी चयन गर्ने ।
६. विविध ।

**प्रथम वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी**
(क) वार्षिक साधारण सभाको सूचना तथा संक्षिप्त प्रतिवेदन प्रत्येक शेयरधनीको उपलब्ध ठेगानामा हुलाक/कुरिएर/ईमेल/मेसेन्जर मार्फत् पठाईने छ । वार्षिक साधारण सभा सम्बन्धी कुनै जानकारी आवश्यक भएमा कम्पनीको कार्यालय, बिराटनगर महानगरपालिका, वडा नं ९ अथवा कम्पनीको सम्पर्क कार्यालय, बिराटनगर महानगरपालिका, वडा नं ९ बिराटनगर मा सम्पर्क गर्नुहुन अनुरोध छ ।
(ख) साधारण सभामा उपस्थित हुँदा प्रवेशपत्र वा शेयर प्रमाणपत्र लिई उपस्थित हुन अनुरोध गरिन्छ ।
(ग) शेयरधनी पुस्तिका बिहान २:३० बजे देखि खुल्ला गरिनेछ ।
(घ) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले प्रतिनिधि पत्र (प्रोक्सी) सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको सम्पर्क कार्यालय, सम्पर्क कार्यालय, बिराटनगर महानगरपालिका, वडा नं ९ बिराटनगरमा दर्ता गराई सक्नु पर्ने छ ।

**संचालक समितिका आज्ञाले,**
**कम्पनि सचिव**